# सामुदायिक वन उपभोक्ता समूहहरूको बदलिँदो भूमिका

■ शेषकान्त काफ्ले

वन विनासको भयावह स्थितिलाई कम गर्न तथा स्थानीय समुदायका घरेलु आवश्यकताहरू जस्तै दाउरा, घाँस, स-साना काठ तथा अन्य वन पैदावारहरूको सहज आपूर्ति गरी जीविकोपार्जनमा टेवा पुऱ्याउने लक्ष्यका साथ नेपालमा सामुदायिक वन (सा.व.) अवधारणाको प्रादुर्भाव भएको देखिन्छ । वि.सं. २०१३ को निजी वन राष्ट्रियकरण ऐनबाट सिर्जित असरहरू, विकेन्द्रीकरणका विश्वव्यापी पहलहरू र वि.सं. २०३५ मा मेक्सिकोमा सम्पन्न 'विश्व वन सम्मेलन' मा सा.व.को अवधारणलाई दिएको जोडसँगै नेपालमा सा.व.को अवधारणा अवलम्वन तथा त्यसको कार्यान्वयनमा गति आएको मानिन्छ । अहिले नेपालमा सा.व. को अवधारणा तथा कार्यान्वयनमा परिपक्वता आएको छ र कतिपय अवस्थामा वन विनासमा नियन्त्रण, स्थानीय वासिन्दाको जीविकोपार्जन र स्थानीय सुशासनमा समेत टेवा पुगेको पाइएको छ । भनिन्छ, नेपालमा सा.व.को कार्यान्वयन अवस्था 'दोस्रो संस्करण' मा पुगेको छ, जसमा सा.व. उपभोक्ताहरूको काम, कर्तव्य र भूमिका वनसँग मात्र सीमित नरही गाउँको समग्र विकासमा केन्द्रित हुनु पर्ने औंल्याइएको छ । प्रस्तुत लेखमा स्थानीय स्वायत्त शासनको दृष्टिकोणमा सा.व. तथा उपभोक्ता समूहहरूको वर्तमान अवस्था, अपेक्षाहरू तथा तिनमा सुधारका क्षेत्रहरूबारे सङ्क्षेपमा चर्चा गरिएको छ ।

### सामुदायिक वनः कार्यान्वयनको वर्तमान अवस्था

सा.व. कार्यक्रमहरूको प्रभाव मूल्याङ्कनबाट छोटै समयमा वन विनास नियन्त्रणमा उल्लेख्य सफलता प्राप्त भएको, स्थानीय समुदायमा वन जङ्गल प्रति अपनत्वको भावना विकास भएको, स्थानीय बासिन्दाका कतिपय आवश्यकताहरू पूर्ति भएको आदि उपलब्धिहरू प्राप्त भएका पाइएका छन् । उसो त सा.व. को सर्वोत्तम उपयोग अझै हुन नसकेको, वन पैदावारको वितरणमा अति गरिब र उपेक्षितहरूले अझै उल्लेख्य फाइदा लिन नसकेका, उत्पादनको न्यायोचित वितरण हुन नसकेको, आम उपभोक्ताहरू सा.व. को अवधारणा र प्रक्रियाहरूबारे अनभिज्ञ रहेका, व्यवस्थापन र निर्णय प्रक्रियामा धनीमानीहरूकै वाहुल्यता रहेको आदि निर्क्योलहरू अध्ययनले पुष्टि गरेका छन् । जुन कुरालाई यसै अङ्कका कतिपय अनुसन्धानमूलक लेखहरूले समेत औंल्याएका छन् ।

### वन उपभोक्ता समूहहरूको बदलिँदो भूमिका

केही अपवादलाई छाडेर अधिकांश सा.व. उपभोक्ता समूहहरूले वन क्षेत्रको सुरक्षा र उपयोग बाहेक बस्ती/टोलको गरिबी न्यूनिकरण गर्ने कुरामा उल्लेख्य भूमिका खेल्न सकेको देखिदैंन । यसो त अधिकांश समूहहरूको गठन 'प्रक्रिया-संगत' छैन, योजना तर्जुमा प्रक्रियामा आम सहभागिता तथा निर्णय प्रक्रियामा सबैको समान पहुँच छैन र वन व्यवस्थापन एवं समूहहरूको संस्थागत विकासमा समूह सदस्यहरूको क्षमता अभिवृद्धि अपेक्षितरुपमा हुन सकेको देखिंदैन । वास्तवमा सा.व. उपभोक्ता समूहहरू गाउँ-गाउँमा गठन भएका अन्य सामुदायिक संस्थाहरू भन्दा बढी स्रोत सम्पन्न संस्थाहरू मानिन्छन् । यसैले पनि यी समूहहरूले आफ्नो कार्यक्षेत्रलाई वनमा मात्र सीमित नगरी समुदायको समग्र विकासमा लगाउनु पर्ने महसुस हुन्छ । स्थानीय स्वायत्त शासनको अवधारणा अनुरुप यी वन उपभोक्ता समूहहरूले गाउँ स्तरमा 'गाउँ सरकार' को भूमिका निर्वाह

गर्न सक्ने देखिन्छ । यसको लागि सा.व. उपभोक्ता समिति/समूहहरूले निम्नानुसारका थप जिम्मेवारी वहन गर्नु पर्ने देखिन्छः

- सहभागीमूलक योजना तर्जुमा प्रक्रिया अवलम्वन गरी गाउँ स्तरको वार्षिक तथा आवधिक विकास योजना तर्जुमा गर्ने,
- गाउँ बस्ती/टोलस्तरमा स्रोत प्रवाह तथा समुदायहरूलाई छिटो छरितोरुपमा सेवा/स्रोतको समुचित परिचालनमा सहजकर्ताको भूमिका खेल्ने,
- गाउँमा सञ्चालित विकास योजनाहरूको कार्यान्वयन, तिनको अनुगमन तथा मूल्याङ्कन गरी ती योजनाहरूलाई गरिब, महिला तथा पिछडिएका वर्गको उत्थानमा केन्द्रित गर्दै गरिबी निवारणमा टेवा पुऱ्याउने र
- गाउँ स्तरका सामुदायिक संस्थाहरू तथा कार्यक्रमहरू बीच समन्वय गर्ने ।

**वन उपभोक्ता समूहहरूको संस्थागत विकास**

वनको प्रभावकारी व्यवस्थापनका अतिरिक्त वन उपभोक्ता समूहहरूले स्थानीय तहमा सुशासनको लागि सेवा/स्रोतहरूको सहज तथा न्यायोचित वितरण एवं स्थानीय तहमा प्रजातान्त्रिक पद्धतिको अभ्यासमा अहम् भूमिका खेल्न सक्दछन् । यसको निम्ति उनीहरू स्वयंको कार्य सञ्चालन पद्धतिमा पारदर्शिता, जवाफदेहिता, प्रभावकारिता, रणनीतिक दूरदर्शिता तथा विकेन्द्रित कार्यशैली हुनु आवश्यक छ । सुशासनका यी गुणहरूको अभावमा स्रोत साधनमा सीमित व्यक्ति/वर्गको नियन्त्रण, भ्रष्टाचारमा वृद्धि, असक्षम र प्रभावकारिताहीन कार्य सम्पादन जस्ता अनपेक्षित परिणामहरू निस्कन्छन् । वन उपभोक्ता समूहहरूको भूमिकालाई गाउँ/बस्ती/टोलको समग्र विकासमा बढी प्रभावकारी बनाउन यिनीहरूको 'संस्थागत विकास' हुनु आवश्यक छ । यसका लागि संस्थागत विकासका सातोटा रणनीतिक क्षेत्रहरूलाई समेटिनु आवश्यक छ ।

**१. रणनीतिक व्यवस्थापन**

उपभोक्ता समूहहरूले वार्षिक तथा आवधिक योजनाहरू तथा रणनीतिहरू तर्जुमा गर्ने तथा अनुभव एवं आवश्यकताका आधारमा तिनको परिमार्जन गरी लागू गर्न सक्ने हुनु पर्दछ । उपभोक्ता समूहहरूले वन कार्ययोजना तर्जुमा तथा तिनको प्रभावकारी कार्यान्वयन गर्न सक्नु पर्दछ ।

**२. वित्तीय स्रोत परिचालन**

सा.व. उपभोक्ता समूहहरूले वनको हैसियत, जैविक विविधता तथा यसको उत्पादकत्वमा ह्रास नहुने गरी आय वृद्धि गर्ने, यस्तो आय समूह सदस्यहरूमा ऋणको रुपमा उत्पादनमूलक क्षेत्रमा प्रवाह गर्ने, र अन्य बचत तथा ऋण कार्यक्रमहरू सञ्चालन गरी स्थानीय तहमा गरिबी निवारणमा टेवा पुऱ्याउन सक्दछन् ।

**३. सूचना पद्धतिको विकास**

योजना तर्जुमा र सही निर्णय प्रक्रियाको लागि तथ्याङ्क तथा सूचनाको आवश्यकता पर्दछ । उपभोक्ता समूहहरूले गाउँ/बस्ती/टोलमा सूचना केन्द्र स्थापना गरी स्थानीय विकाससँग सम्बन्धी तथ्याङ्कहरू सङ्कलन/विश्लेषण गर्ने, वन स्रोतको आकलन, माग र आपूर्तिको अवस्थाको स्पष्ट सूचना सङ्कलन तथा प्रवाह गर्नु पर्दछ । निर्णय प्रक्रियामा 'व्यक्तिगत प्रभाव' गौण भई

तथ्याङ्कमा आधारित हुन सक्यो भने यसले पारदर्शिता, न्यायोचित वितरण र समग्रमा स्थानीय सुशासनमा टेवा पुऱ्याउन सक्दछ ।

**४. मानवीय संशाधन विकास**

उपभोक्ता समूहहरूले वन व्यवस्थापन तथा कार्य योजना तर्जुमा, वन सम्बर्धन कला, वन स्रोतको आकलन, माग आपूर्ति विश्लेषण, बजार व्यवस्थापन, सामाजिक परिचालन, वचत तथा ऋण प्रवाह कार्यक्रम सञ्चालन, द्वन्द व्यवस्थापन, सहभागितात्मक योजना तर्जुमा र अनुगमन प्रणाली, समन्वय विस्तार, वित्तिय स्रोत व्यवस्थापन जस्ता विविध विषयमा तालीम लिई यस अनुरुप कार्य सम्पादन प्रभावकारी बनाउनु आवश्यक छ ।

**५. सङ्गठनात्मक संरचना**

उपभोक्ता समिति तथा समूहहरूले समय समयमा आफ्ना सङ्गठनात्मक सवल एंव दुर्वल पक्षहरूको लेखाजोखा गर्ने र आवश्यकता अनुसार सुधार गर्ने गर्नु पर्दछ । यसै गरी समिति सदस्यहरूलाई क्षेत्रगत कामको बाँडफाँट गरी कार्य सम्पादनलाई प्रभावकारी बनाउन सकिन्छ ।

**६. कार्य प्रणालीमा सुधार**

उपभोक्ता समितिहरूको काम कारवाहीलाई प्रभावकारी र परिणाममुखी बनाउन समितिका क्रियाकलापहरू र तिनको लागि समूह सदस्यले अपनाउनु पर्ने प्रक्रिया एवं सेवा सुविधाको गुणस्तर सहितको 'नागरिक वडापत्र' तयार गरी सो अनुरुप कार्य सम्पादन गरिनु आवश्यक देखिन्छ । उपभोक्ता समितिका अगुवा वर्गहरू गरिब प्रति सम्वेदनशील (गरिबमुखी) भएर काम गर्न सक्ने हुनु पर्दछ ।

**७. सम्बन्ध तथा समन्वय विस्तार**

उपभोक्ता समूहहरू, जिल्ला भित्र वा बाहिरका वन उपभोक्ताहरू, वनसँग सम्बन्धित संस्थाहरू, स्थानीय निकायहरू, गैह्र सरकारी संस्था, दातृ संस्थाहरूसँग सम्बन्ध तथा समन्वय गरी स्रोत परिचालन र क्षमता अभिवृद्धि गरी गरिबी निवारणमा टेवा एवं समुदायको समग्र विकासमा सहयोग पुऱ्याउनु आवश्यक देखिन्छ । यस्तो समन्वयबाट सा.व. सम्बन्धी मुद्दाहरू सुल्झाउन समेत सहयोग पुग्ने देखिन्छ ।

यसरी समग्रमा सा.व. उपभोक्ता समूहहरूले आफ्ना कमी कमजोरीहरूलई हटाई सर्वोत्तम वन व्यवस्थापन तथा गरिबी निवारणमा टेवा पुऱ्याई समग्र ग्रामीण विकासमा ठोस योगदान पुऱ्याउनुका साथै यसै मार्फत् स्थानीय तहमा सुशासनको प्रत्याभूति दिइनु आवश्यक देखिन्छ ।

(लेखक स्वतन्त्र परामर्शदाता हुनुहुन्छ ।)